कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३१० | वि.सं. २०८१ फागुन १९ सोमवार | नेपाल संवत: ११४४, फागुन शुक्ल चतुर्थी | Monday 3 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## बन्दुक त्यागेर स्याउ र भेडापालनमा विप्लव

◣रमेश रावल

**सुर्खेत, १८ फागुन ।**

कुनैबेला क्रान्तिको नारा दिएर सशस्त्र युद्ध गर्नुपर्छ भन्ने मान्यता राख्ने नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रबिक्रम चन्द (विप्लव) अहिले कृषि क्रान्तिबाट समाजवाद ल्याउनुपर्छ भनेर लागेको छन् । पछिल्लो समयमा देशका बिभिन्न भागमा उनको पार्टी कृषि क्षेत्रमा लगानी गर्न थालेको हो ।

'विप्लव' पछिल्लो समय कृषि क्रान्तिबाट समाजवाद ल्याउनुपर्ने अभियानमा छन् । उनी नेतृत्वको पार्टी गृहजिल्ला कपिलवस्तु हँदै कर्णालीमासमेत पुगेर खेतीपातीदेखि पशुपालनमा पनि जुटेको छत्त । पछिल्लो समय विप्लव नेतृत्वको नेकपाले पूर्वदेखि पश्चिमसम्मै उत्पादनमा जोड दिँदै सामूहिक खेतीमा लागिरहेको छ ।

विप्लवले हालै कर्णाली पुगेर स्याउ र आलु खेती थालेका छन् । अन्य जिल्लामा तरकारी र धान रोप्दै समाजवादसम्म पग्ने बाटो उनले खन्न थालेका हुन् । यही क्रममा कालिकोट पुगेका विप्लवले शनिबार मात्रै त्रिवेणी साझेदारी भेडा फार्म उद्धाटन गरेका छन् । पछिल्लो समयमा स्याउ खेती, आलु खेती, तरकारी खेती र धान रोप्दै समाजवादमा ल्याउने बताउँदै आएका छन् ।

शनिबार त्रिवेणी साझेदारी भेडा फार्म उद्घाटन गरेका छन् । नेकपाले कालिकोटको

▶▶ बाँकी ३ पेजमा



### कहाँ कहाँ छन् विप्लवका कृषि फार्महरु

गत फागुन ११ गते जुम्लाको हिमा गाउँपालिका-७, धौलापानीमा करिब १३ हजार वर्गमिटर क्षेत्रफलमा दुई हजार स्याउका बिरुवा तथा चार सय दाँते ओखरका बिरुवा रोपिएको छ । यसका लागि सहिद परिवारकी कृष्ण कौरा शाहीको जग्गा २० वर्षका लागि लिजमा लिइएको छ ।

कालिकोटमा गत फागुन १२ गते तिला गुफानगरपालिकास्थित फोईमा एक हजार स्याउ र पाँच सय दाँते ओखर रोपिएको छ । नेकपाले गत वर्ष पनि त्यहाँ दुई हजार स्याउ रोपेको थियो । हुम्ला, मुगु, सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, रुकुम पश्चिमका विभिन्न क्षेत्रमा पनि धान, कोदो, दाल तथा अन्य बाली लगाइएको छ । यो पटक लगभग २२ बिघामा आलु खेती गरेको नेकपाले उत्पादनको सबै हिस्सा व्यापारी घराना चौधरी ग्रुपको सीजी फुड्सलाई दिने सहमति गरेको नेकपाले जनाएको छ ।

### कर्णालीको उत्पादन काठमाडौंमा बेच्ने तयारी

कर्णालीमा उत्पादन भएको कृषि उपजका बस्तुहरु काठमाडौंमा बिक्रि गर्ने योजना विप्लवको पार्टीले बनाएको छ । २०७९ मा सम्पन्न पार्टीको नवौं महाधिवेशनले एकीकृत क्रान्तिसँगै आत्मनिर्भर उत्पादन नीति अघि सारेको थियो । सोही नीति अनुसार नेकपाले देशभर एक सय २० बिघा जमिन लिजमा लिएर कृषि उत्पादन गर्दै आएको छ ।

कृषि उत्पादनमा तोरी, गहुँ, धान, फलफूलका साथै पशुपालन, कपडा, साबुन, सरफ लगायत साना उद्योगमा नेकपाले लगानी गर्दै आएको छ । काठमाडौं बुढानिलकण्डमा खोलिएको सि व्यापार केन्द्रमा यहाँको उत्पादन लिएर बिक्रि गर्ने योजना रहेको स्थायी कमिटी सदस्य भरत बमले बताए ।

'यहाँ पालिएका भेडा पनि काठमाडौं लिएर बिक्रि गर्ने योजना रहेको छ,' उनले भने,'अहिले त्यहाँ नरहरिनाथ गाउँपालिकामा उत्पादन भएको घ्यूँ बेच्दै आएका छौं ।' पार्टीकै उत्पादन भएकाले फराकिलो नाफा नराखिएको र बजार मूल्यको तुलनामा सस्तो, सुलभ, गुणस्तरीय सामान बजारमा पठाउने नीति पार्टीले लिइएको उनले बताए । 'पार्टीको आफ्नै उत्पादन भएकाले फराकिलो नाफा राख्दैनौं ।

## नेपालगन्जमा 'मेरो डान्स युनिभर्स' र 'मेरो भ्वाइस युनिभर्स' अडिसन हुँदै

◣सरला सुवेदी

**बाँके, १८ फागुन ।**

नेपालकै सबैभन्दा ठूलो पुरस्कार राशी रहेको रियालिटी शो 'मेरो डान्स युनिभर्स' र 'मेरो भ्वाइस युनिभर्स' सिजन २ को नेपालगन्ज अडिसनको तयारी अन्तिम चरणमा पुगेको छ । फागुन २० र २१ गते नेपालगन्जको सगरमाथा इङ्लिस बोर्डिङ स्कुल, कारकाँदोमा हुने अडिसनका लागि सम्पूर्ण तयारी पूरा भएको छ ।

पश्चिम नेपाल संयोजक तिलक गाउँलेका अनुसार लुम्बिनी, सुदूरपश्चिम, र कर्णाली प्रदेशका प्रतिभाशाली कलाकारहरूलाई अवसर प्रदान गर्न नेपालगन्जमा अडिसन आयोजना गरिएको हो । निर्णायकहरू तथा युनिभर्सका क्रिउ मेम्बरहरू नेपालगन्ज आइसकेका छन् भने कार्यक्रमस्थलमा पूर्वाधार निर्माण कार्य तीव्र रूपमा भइरहेको छ ।

इन्ट्रा-नेशनल वेलफेयर अमेरिकाद्वारा आयोजित यो अडिसनमा सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका करिब एक हजार भन्दा बढी कलाकारहरू सहभागी हुने अपेक्षा गरिएको छ । सह-संयोजक दिपेन्द्र केसीका अनुसार नेपाल

▶▶ बाँकी ३ पेजमा

**बालबालिकामा शिक्षाको पहुँच पुर्‍याऔं**

- उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## हिउँ जमेर अवरुद्ध नाग्म-गमगडी सडक सुचारु

◣युग संवाददाता

**मुगु, १८ फागुन ।**

लगातार दुई दिनदेखि परेको हिउँ र वर्षाले अवरुद्ध बनेको नाग्म-गमगडी सडक खण्ड सुचारु भएको छ ।

जुम्लाको कनकासुन्दरी-१ मा पर्ने भूलभुले र सात मोड क्षेत्रमा हिउँ जमेर पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको थियो ।

सडक अवरुद्ध हुँदा मुगु जोड्ने कर्णाली राजमार्ग र रारा घुम्न जाने पर्यटकीय मार्ग प्रभावित भएको थियो । तर, सडक डिभिजन जुम्ला, प्रहरी, र स्थानीयको सक्रियताले सडक सुचारु भएको छ । सडक डिभिजन जुम्लाका प्रमुख दीपेन्द्र चौधरीले भने,'हामीले मेसिन र जनशक्ति परिचालन गरी भूलभुले, सात मोड र जिअ भिड क्षेत्रको हिउँ र पहिरो हटायौं । निरन्तरको प्रयासपछि सडक सुचारु भएको छ ।'

सडक खुलेसँगै मुगुका बासिन्दा र रारा जाने पर्यटकलाई आवतजावतमा सजिलो भएको छ । यता प्रहरी चौकी गोठिज्युलाबाट खटिएको टोली र स्थानीयले जिअदेखि भूलभुलेसम्मको करिब ४ किलोमिटर क्षेत्रमा पहिरो पन्छाएका थिए ।









## सम्पादकीय....

# घर बीमालाई प्रभावकारी बनाइयोस् !

कर्णाली प्रदेश सरकारले निजी आवासीय घरको बीमा कार्यक्रम गर्ने कार्यान्वयनमा ल्याएको छ। प्रदेशभित्र स्थायी बसोवास भएका नागरिकहरूको निजी आवासीय घरको प्राकृतिक विपद् लगायतका भवितव्यका कारण हुने क्षति र नोक्सानीको आर्थिक सुरक्षाको प्रत्याभूति गर्न बीमा कार्यक्रम ल्याइएको हो। बीमा कार्यक्रम लागु भएसँगै एकाघर परिवारको एक घरको बीमा शुल्क प्रदेश सरकारले भुक्तानी गरिदिने छ। कार्यविधि अनुसार भूकम्पबाट, आगलागीबाट, बाढी तथा डुबान, जमिन धासिने वा भासिने, हावाहुरी लगायतका प्राकृतिक विपद्बाट क्षतिग्रस्त भएका घरहरुको बीमामार्फत सरकारले क्षतिपूर्ति दिनेछ। त्यस्तै, चट्याङ्ग, असिनापानी, हवाई दुर्घटना तथा अन्य प्राकृतिक विपद्को कारण क्षतिग्रस्त भएका घरहरु बीमा कार्यक्रममा समावेश हुनेछन् ।

जसमा प्रदेश सरकारले प्रतिघर अधिकतम् बीस लाख बीमाङ्क बराबरको जोखिम मूल्याङ्कनबाट हुन आउने बीमा शुल्क बापतको रकम भुक्तानी गर्नेछ । तर, बीस लाख रुपैयाँभन्दा बढी मूल्यको घर वा एकाघर परिवारको एकभन्दा बढी संख्याको घरको बीमा गराउनु पर्ने अवस्था आएमा स्वयम् घरधनीले सम्बन्धित बीमकहरूलाई अतिरिक्त बीमा शुल्क बापतको रकम उपलव्ध गराउनु पर्नेछ। बीमा कार्यक्रममा समावेश भएका घरहरुमा क्षति पुगेको खण्डमा स्थानीय तहको सिफारिस र बीमकले उपलब्ध गराएको डेबिट नोटका आधारमा मन्त्रालयले एकिन गरी पन्ध्र दिन भित्र बीमा शुल्क रकम बीमकलाई भुक्तानी दिनेछ । कार्यविधि अनुसार भुक्तानी भएपश्चात दुई कार्यदिन भित्र बीमालेख जारी गरी बीमितलाई बीमालेख उपलब्ध गराइ मन्त्रालयमा सक्कल बील वा रसिद पेश गर्नु पर्नेछ। घर बीमा कार्यक्रममा सहभागी हुन चाहनेहरुका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयले स्थानीय तहलाई पन्ध्र दिनको समयावधि दिई बीमा गर्ने विषयमा सहभागी हुन सूचना प्रकाशन गर्नेछ। स्थानीय तहले तोकिएको मापदण्डमा रही छनौट गरेका घरहरुको विवरण मन्त्रालयमा पठाउने छन् । स्थानीय तहबाट प्राप्त विवरणमा मन्त्रालयले घरधुरी संख्या र घर नक्सा पासको अवस्था, ट्रेस नक्सा/घरको मुल्याङ्कन प्रतिवेदन लागु भए नभएको, घर बीमा कार्यक्रम लागु गर्न प्राविधिक जनशक्तिको उपलव्धता र जनशक्ति विवरण, घरमा परिवार संख्या/घरमुलीको नाम/घर मुल्यांकन रकम/घर निर्माण भएको अनुमानित मिति खुल्ने कागजात हेर्नेछ। यस्तै, स्थानीय तहले व्यवस्थापन गरेका प्राविधिक जनशक्तिबाट घरको मूल्याङ्कन गरी बीमितको पहिचान र घरको निर्धारण गर्नेछन् । त्यस पश्चात मन्त्रालयले बीमाको प्रक्रिया अघि बढाउँने छ । बजार मूल्य अनुसार बीमाङ्क कायम गरिएको अवस्थामा थप बीमा शुल्क भुक्तानी गर्ने दायित्व समेत बीमित स्वयम्को हुनेछ भने, दाबीमा औसत शर्त लागु हुनेछ।

बीमा गरिएको घरको क्षति र नोक्सानी भएमा बीमितले तत्काल बीमकलाई जानकारी गराउनु पर्नेछ। पूर्ण रूपमा भरिएको दाबी फाराम र दाबीको स्पष्ट पुष्टि हुने प्रमाणसहित बीमक समक्ष निवेदन गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । ढिलै भएपनि प्रदेश सरकारले ल्याएको यो कार्यक्रम प्रशंसा गर्न लाएक छ। बहुपर्कोपको जोखिमा रहेको कर्णाली आफैमा प्राकृतिक प्रकोपको जोखिममा छ । यसर्थ घर बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन सरकार, बीमा कम्पनीहरू, स्थानीय निकाय तथा नागरिकहरूबीच समन्वय आवश्यक छ। जनचेतना अभिवृद्धिः सर्वसाधारणलाई बीमाको महत्व बारे जानकारी दिन व्यापक सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । संचार माध्यम, विद्यालय शिक्षादेखि स्थानीय तहसम्म अभियानहरू सञ्चालन गरी बीमाको फाइदाबारे बुझाउने प्रयास गर्नुपर्छ। सरल प्रक्रियाः बीमा प्रक्रियालाई सहज, छरितो र प्रविधिमैत्री बनाउन आवश्यक छ। अनलाइन प्रणाली, सहज दाबी प्रक्रियाका साथै ग्रामिण भेगसम्म पहुँच पुर्याउने उपाय अवलम्बन गरिए मात्रै बीमा कार्यक्रम प्रभावकारी बन्न सक्छ। जोखिमयुक्त क्षेत्रका नयाँ घरहरूका लागि अनिवार्य बीमा नीति ल्याइनु आवश्यक छ। सरकारी अनुदानमा निर्माण गरिने घरहरूलाई अनिवार्य रूपमा बीमामा समेट्नुपर्छ । अर्कोतर्फ बीमा शुल्कलाई सबै नागरिकले वहन गर्न सक्ने बनाउनु आवश्यक छ। घर बीमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएमा विपत्तिपछि नागरिकको पुनःस्थापनामा ठूलो राहत पुग्छ। साथै, सरकारले पनि राहत तथा पुनर्निर्माणमा खर्च गर्नुपर्ने रकम घटाउन सक्छ। यसर्थ, अब नेपाल सरकारले घर बीमालाई प्राथमिकतामा राख्दै नीति निर्माण र कार्यान्वयनमा विशेष ध्यान दिन आवश्यक छ।

# युवा, उद्यम र नवप्रवर्तन



भुवन न्यौपाने

नेपाली कांग्रेसको पार्टी कार्यालय सानेपामा उद्यमशीलता, साना तथा मझौला विकास विभागद्वारा आयोजनामा नेपाल स्टार्टअप र साना तथा मझौला व्यवसायसम्बन्धी दुईदिने सम्मेलन भर्खरै सम्पन्न गरेको छ। कुनै पार्टीले युवालाई नयाँ प्रविधि, उद्यम र सोचसँग जोड्ने आन्तरिक उत्पादनलाई प्रवर्धन गर्ने, नयाँ रोजगारी सिर्जनामा नवीन बहस र अभियान सञ्चालन गर्ने दुर्लभ इनोभेटिभ आइडिया बिरलै देखिन्छन् । यस पटक बिरलै देखिने घनीभूत बहस, विमर्श, जमघट, आशा र उत्साह देखियो । राजनीतिक भाषणमा सधैं व्यस्त देखिने राजनीतिकर्मी निकै चासो दिएर उद्यमीका नयाँ सोच, समस्या र सफलता सुनिरहेका थिए।

विभिन्न सत्रमा प्रबुद्ध व्यवसायी देशको अर्थतन्त्रदेखि युवासम्म, नीतिदेखि नतिजासम्म, नियमदेखि नियतसम्म, आफ्नै मौलिकतादेखि नवीनतम् उपाय व्यक्त गरिरहँदा बाहिर विभिन्न स्टलमा नेपाली उत्पादनका वस्तुको सजावटले साँच्चिकै कार्यालय परिसर सज्जिएको थियो। स्टल नियाल्न, किनबेच गर्न व्यस्त थिए नेतादेखि कार्यकर्ता सम्म । त्यो सम्मेलनको सैद्धान्तिक विचार र व्यावहारिक अभ्यास नयाँ आशा, आत्मविश्वास र अवसरको ढोका ढक्ढकाइरहेको अनुभूति देखिन्थ्यो । यस अवसरमा युवा, उद्यम र नवप्रवर्तनका बारेमा मुलकको अवस्था, अवसरका साथै सम्भावना र चुनौतीका सन्दर्भमा राष्ट्रव्यापी बहस, नीतिगत व्यवस्था र व्यावहारिक रूपान्तरण अभियानको सुरुवात अब ढिला गरिनु हुँदैन भन्ने महसुस हुन्थ्यो।

### युवा र रोजगारी

नेपाल अहिले युवाको देश हो । सक्रिय युवाको बाहुल्यता देशकै ठुलो मेरुदण्ड हो । राष्ट्रिय जनगणना २०७८ अनुसार युवाको जनसङ्ख्या ४२.५६ प्रतिशत छ । त्यसमध्ये करिब ६० प्रतिशत युवा वैदेशिक रोजगारीमा छन् । सौभाग्यपूर्ण युवा जनसङ्ख्या भएको महत्वपूर्ण दशकमा देशले विकास र परिवर्तनमा फड्को मार्नुपर्ने बेला हो । विडम्बना, जनगणनाकै तथ्याङ्क अनुसार देशमा १९.८ प्रतिशत युवा पूर्ण बेरोजगार छन्। बर्सेनि पाँच लाख भन्दा बढी युवा श्रम बजारमा प्रवेश गर्छन्। तीमध्ये पनि १० प्रतिशत मात्र स्वदेशमा नै रोजगारीका अवसर प्राप्त गर्छन् । विश्व बैङ्कका अनुसार रोजगारीको प्रमुख क्षेत्र निजी व्यवसाय हो जसले ९० प्रतिशत रोजगारी सिर्जना गर्छ। त्यसमा पनि घरेलु, साना तथा मझौला उद्योगको योगदान अझ बढी छ। सरकारी क्षेत्रमा वार्षिक करिब पाँच हजारले मात्र अवसर पाउँछन्।

नेपालमा युवा बेरोजगारीको अवस्था गम्भीर छ। विभिन्न अध्ययन र सर्वेक्षणहरूले यो समस्या उजागर गरेका छन् । राष्ट्रिय जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार, देशको कुल बेरोजगारी दर १२.६५ पुगेको छ। विशेष गरी १५ देखि २४ वर्ष उमेर समूहमा यो दर २२.७५ रहेको छ। नेपाल श्रमशक्ति सर्वेक्षण त्यस्तै निराशाजनक तथ्याङ्क देखाउँछ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत, चालु आर्थिक वर्षमा सूचीकृत बेरोजगारको सङ्ख्या करिब आठ लाख पुगेको छ। तथ्याङ्कको विश्लेषण गर्दा नेपालमा युवा बेरोजगारी दर उच्च रहेको देखिन्छ। यो समस्या समाधान गर्न दीर्घकालीन रोजगार सिर्जना, सिप विकास र उद्यमशीलता प्रवर्धनमा ध्यान दिन आवश्यक छ।

नेपालमा रोजगारीका बहुआयामिक विषय अझै पनि पहिचान, अभिवृद्धि र निरन्तरता कायम गराउन निकै चुनौती छन् । यही अवस्थामा नेपालमा सबै युवाका लागि रोजगारी सिर्जना हुन सम्भव छैन । यसले दक्ष, अर्धदक्ष र अदक्ष सबै प्रकारका युवालाई रोजगारीको खोजीमा देशबाटै पलायन हुनुपर्ने बाध्यता सिर्जना भएको छ । नवीन सोच, प्रविधि, लगानी स्टार्टअप रोजगारी सिर्जनाको आधार बन्न सक्छन् । सरकारले के कस्ता नीतिमार्फत नवप्रवर्तनको प्रोत्साहन गर्ने योजना बनाइरहेको छ भन्ने प्रश्न उठिरहेका छन् । युवा जनसङ्ख्याको अवस्था, क्षमता र लाभको उपभोग गर्न सक्दैनौं भने आर्थिक समुन्नति सम्भव होला र ?

### उद्यम र उत्पादन

देशमा जसरी युवामय लाभ सुनौलो अवसर हो । उद्यमको विकास, विस्तार गरी उत्पादकत्व र उत्पादनलाई अभिवृद्धि गर्नु मुलुकको अर्को रूपान्तरण पनि हो । हाल सरकारले के कस्ता उद्यमलाई प्रवर्धन गर्दै छ ? के के उत्पादनमा नेपाल आत्मनिर्भर छ ? कस्ता उत्पादनमा आत्मनिर्भर हुने लक्ष्य छ ? अहिले पनि नेपालमा कृषि व्यवसायमा करिब ६० प्रतिशतभन्दा बढी जनसङ्ख्या निर्भर छ।

नेपालमा उद्यम व्यवसायको वातावरण क्रमिक रूपमा सुधार हुँदै गएका छन्। स्वदेशमै उत्पादन र रोजगार, स्थानीय तहमा उत्पादन र प्रवर्धन कार्यक्रम सञ्चालन गरी लघु तथा साना उद्योग सञ्चालन गर्नु पर्छ । बाँझो र उपयोगविहीन जमिन उपभोग गरी उद्यमी बन्न प्रोत्साहन गर्नुपर्ने खाँचो छ । स्वदेशी कच्चा पदार्थमा आधारित लघु, घरेलु, साना र मझौला उद्योगलाई प्रशोधन र प्रविधि स्तरोन्नतिका साथै भण्डारण र बजारीकरणलाई सहयोग गर्नाले गाउँ-गाउँमा सञ्चालन भइरहेका र बन्द भएका साना तथा घरेलु उद्योग पुनः सञ्चालनमा आउनुका साथै युवा उद्यमी र रोजगार उन्मुख हुन सक्ने नयाँ विकल्प हुन सक्छ।

उत्पादनका कुन कुन क्षेत्रमा हामी आत्मनिर्भर हुन सक्ने सम्भावना छ ? हाम्रो बजारमा के र कति वस्तुको माग रहन्छ ? के कस्ता वस्तु हामीले आयात गर्नुपर्ने बाध्यतामा छौं । हामी कहाँ उत्पादन छ तर असन्तुलित उत्पादन छ। सिजनमा हामीलाई चाहिनेभन्दा बढी उत्पादन हुन्छ । भण्डारण गर्ने जोगाउने हामीसँग पर्याप्त प्रविधि र सुविधाको कमी छ। त्यस्ता वस्तुबाट प्रशोधन गरेर अन्य वस्तुको उत्पादन गर्ने उद्योगको स्थापना पनि पर्याप्त रूपमा स्थापना हुन सकेका छैनन् ।

हामीले कृषिजन्य साना तथा मझौला व्यवसायलाई लगानीको प्रोत्साहन गरेर आर्थिक रूपान्तरणमा प्रवर्धन गर्नुपर्ने प्रभावकारी नीतिको खाँचो छ। कृषि उत्पादनमा युवाको आकर्षण बढाउन सके स्थानीय उत्पादनलाई व्यावसायिक विकास, अवसर र आत्मविश्वास बढाउन सकिने छ। राज्यलेस्वदेशी उत्पादनलाई वृद्धि गर्ने हो भने केही करका नीतिमा परिर्वतन गर्न जरुरी छ। सरकारले बाह्य आयतबाट राजस्व आर्जन गर्छ। उपभोक्तालाई अन्तर्राष्ट्रिय वस्तु र प्रतिस्पर्धा सुविधा दिन्छु भनेर मात्र हुँदैन। सरकारले उपभोग र प्रयोग गर्ने वस्तु तथा सेवा स्वदेशी नै प्रयोग गर्ने अनिवार्य नीति लिनु पर्छ। राजनीति दलले पनि स्वदेशी उत्पादनलाई नै प्राथमिकता राख्न जोड दिनु जरुरी छ।

कृषि क्षेत्रको अनुसन्धानलाई हेर्ने हो भने यो पर्याप्त छैन। बाँझो भूमिको उपयोगका लागि सरकारले प्रभावकारी योजना ल्याउन सकेको छैन । उत्पादन बढाउन जैविक विविधता र माटोको स्वच्छता, बिउको स्वस्थता र समय अनुसारको प्रविधिलाई अझै पनि हामीले आत्मसात् गर्न सकेका छैनौं। एकातिर, बढ्दो बसाइँसराइ, युवा पलायन, बेरोजगारी, गरिबी जस्ता विषय गम्भीर बन्दै छन्। अर्कातर्फ, कृषि भूमि बाँझो हुँदै जाने उत्पादन झन्झन् घट्दै जाने साना तथा मझौला उद्यमीका समस्याका बारेमा सरकार बेखबर भएको हो कि भन्ने महसुस हुन्छ । बर्सेनि ठुलो मात्रामा हामीले सामान्य कृषिजन्य वस्तु नै आयात गर्नुपर्ने बाध्यतामा छौं, जसले हाम्रो व्यापार घाटालाई नै बढाइरहेको छ।

### सोच र नवप्रवर्तन

नेपाली मौलिकतालाई जोगाई राख्नु, विकास र संवर्धन गर्नु हामीसामु ठुलो चुनौती छ। बर्सेनि इनोभेटिभ युवामार्फत स्टार्टअफका लागि हजारौं प्रस्ताव आउँछन् तर त्यी नवीन सोच रद्दीको टोकरीमा वा सरकारी कार्यालयका घर्रामा थन्किएर बस्छन् । हामीले उनीहरूका योजना सुन्दैनौं । उनीहरूलाई प्रभावकारी ढङ्गबाट लगानीको वातावरण र प्रोत्साहन गर्न सकेका छैनौं। २०७८ सालदेखि कर्मचारीको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराई नीति तर्जुमा, विकास निर्माण, सुशासन प्रवर्धन र सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा नविन सोच कार्यान्वयन गर्न सकेका छैनौं । हामीले युवा, उद्यम र नवप्रर्वतनलाई राष्ट्रिय समृद्धिसँग जोड्न सकेनौं भने निर्दिष्ट लक्ष्यमा कसरी पुग्न सक्छौं ?

नेपाल सरकारले आव २०८०/८१ को बजेट वक्तव्यमार्फत आवमा सरकारको कुल पुँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने नीति लिइनुका साथै अनुसन्धान, नवप्रवर्तन र आविष्कारका लागि छुट्टै कोष स्थापना गर्न एक अर्ब विनियोजन गरेको अवस्था छ। कोष सञ्चालन गर्न आवश्यक कानुन तर्जुमा गरिनुका साथै सरकारका विभिन्न निकायबाट हुने अनुसन्धान, नवप्रवर्तन र आविष्कारसम्बन्धी कार्यक्रम यसमा आबद्ध गर्नु सुखद पक्ष हो । प्रदेश र स्थानीय तहलाई पनि उक्त कोषमा रकम जम्मा गर्न प्रोत्साहित गरिने नीतिले नयाँ स्टार्टअपका लागि सकारात्मक भूमिका खेल्ने देखिन्छ।

नेपालमा अहिले पनि कुन क्षेत्रमा कति रोजगारीका नयाँ अवसर छन्। कृषिदेखि एआई आइटीसम्म कस्ता सम्भावना देखिन्छन् । अझै पनि सरकारले युवालाई कुन मार्गमा हिँडाउन खोजेको छ भन्ने स्पष्ट मार्गचित्र नीति, कार्यक्रम र बजेटको तादाम्यता छैन । नवीन ज्ञान, सिप र क्षमता भएका उद्यमलाई व्यवसाय गर्नका निम्ति युवालाई आशा, अवसर र आत्मविश्वास चाहिएको छ । पहिलो स्वदेशमा नै पौरख र पसिना बगाउने उत्प्रेरणा चाहिएको छ। जबसम्म आफ्नो माटो कोट्याउने नीति लिन सक्दैनौं कुनै पनि अन्य वैकल्पिक उपायले हामी समुन्नति तर्फको यात्रा प्रारम्भ हुन सक्दैनौं ।

युवा उद्यम, साना मझौला व्यवसाय र नवप्रवर्तक स्टार्टअपलाई नीतिगत र व्यावहारिक रूपमा पनि अझै व्यवस्थित, उपलब्धिमूलक र आकर्षित बनाउन सामूहिक प्रयत्नको खाँचो देखियो । संसद्को सबैभन्दा ठुलो दल र सरकारको प्रमुख साझेदारी दल कांग्रेस हो । सरकारका नीतिगत विषयमा समावेश गर्ने, कार्यक्रम ल्याउने र नतिजा देखाउने, घोषणापत्रको साकार गर्ने एउटा नवीन आधार पनि तय हुन सक्छ । अहिले नयाँ प्रकृतिको सम्मेलन आयोजना गरेको कांग्रेसले भाबी दिनमा यो सम्मेलनपश्चात् यस्ता नयाँ उद्यम सुरु भए । नयाँ रोजगारी सिर्जना र उत्पादनमा आत्मनिर्भरता ल्याउन नीति र नतिजामा प्रस्ट देखिनुपर्ने चुनौती र अवसर पनि उत्तिकै छ।

अन्त्यमा देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणमा युवा, उद्यम र नवप्रर्वतनको भूमिका ठुलो छ। यसर्थ, युवाका लागि रोजगारीमा जोड्ने शिक्षासँगै देश र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गर्न जरुरी छ। यसले शिक्षा र रोजगारीको खोजीमा विदेश जाने युवालाई स्वदेशमै भविष्य खोज्ने बनाउन सकिने छ। युवालाई स्वदेशमै अवसर दिनका लागि सरकारले मात्र होइन, निजीक्षेत्र, गैरसरकारी सङ्घसंस्था र समुदायको पनि सहकार्य आवश्यक छ । युवाका नयाँ विचार र प्राविधिक ज्ञानलाई देशको विकास, राजनीति र निर्णय प्रक्रियामा सहभागिताका लागि अब ढिला गरिनु हुँदैन। *(गोरखापत्र)*

## विश्व

# अमेरिकी विदेश नीति परिवर्तन रुसको दृष्टिकोणसँग मिल्दोजुल्दो छ : क्रेमलिन



**मस्को, १८ फागुन ।**

क्रेमलिनले संयुक्त राज्य अमेरिकाको विदेश नीतिमा नाटकीय परिवर्तन मूलतः यसको आफ्नै (रुसी) दृष्टिकोणसँग मिल्दोजुल्दो रहेको टिप्पणी गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जनवरीमा पदभार ग्रहण गरेदेखि नै राष्ट्रपति भ्लादिमिर पुटिनसँग सम्पर्क गरेर मस्कोसँग सम्बन्ध निर्माण गर्न खोजेका छन् र संयुक्त राष्ट्रसंघमा रुसको पक्षमा उभिएका छन् ।

'नयाँ प्रशासनले विदेश नीतिका सबै संरचनाहरू द्रुत गतिमा परिवर्तन गरिरहेको छ। यो धेरै हदसम्म हाम्रो दृष्टिकोणसँग मेल खान्छ,' क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले सरकारी टेलिभिजनका एक पत्रकारलाई भने, 'अझै लामो बाटो तय गर्नुपर्नेछ, किनकि द्विपक्षीय सम्बन्धहरूको सम्पूर्ण परिसरमा ठुलो क्षति भएको छ। तर, यदि दुई नेताहरू, राष्ट्रपति पुटिन र राष्ट्रपति ट्रम्पको राजनीतिक इच्छाशक्ति कायम रहेमा यो मार्ग निकै छिटो र सफल हुन सक्छ।'

पेसकोभले यी टिप्पणीहरू बुधबार गरे पनि आइतबार मात्र प्रसारण गरिएका हुन् । शुक्रबार ह्वाइट हाउसमा एक आश्चर्यजनक टेलिभिजन बहसमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई हप्काउँदै ट्रम्पले मस्कोसँग आफूलाई अझ जोडेका छन्।

सन् २०२२ फेब्रुअरीमा आफ्नो छिमेकीविरुद्ध पूर्ण सैन्य आक्रमण सुरु गरेको मस्कोले अमेरिकाका पूर्वराष्ट्रपति जो बाइडेनले युक्रेनलाई विनासर्त समर्थन गरेकोमा निन्दा गरेको थियो।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – वैदेशिक रोजगारबाट लाभ मिल्नेछ । धार्मिक स्थानमा दर्शन आदिको योजना बन्नेछ। भविष्यलाई लिएर योजनाहरू कोरिने छन्।

**वृष** – पहिला गरिएको कार्यबाट प्रसंशा मिल्नेछ । चल अचल सम्पत्तिमा वृद्धि हुनेछ। नयाँ अवसरबाट लाभ उठाउन सकिनेछ।

**मिथुन** – अनावश्यक खर्चबाट जोगिने प्रयास गर्नुहोस् । मेहनतले नाम र ईनाम दिलाउन सक्छ । परिस्थिति अनुरूप निर्णय लिने प्रयास गर्नुहोला।

**कर्कट** – विद्यार्थीहरूलाई उच्च शिक्षामा नयाँ अवसरहरू मिल्नेछ । रचनात्मक कार्यमा सफलता मिल्नेछ । कार्यक्षेत्रमा भाग्यको साथ मिल्नेछ।

**सिंह** – नोकरी वा पेशामा सहयोगीहरूले भनेजस्तो सहयोग नदेलान् । व्यर्थको वाद विवादबाट बच्नुहोस् । प्रेम सम्बन्ध सुमधुर रहनेछ।

**कन्या** – साझेदारी व्यापारबाट लाभ मिल्नेछ । शुभचिन्तकहरूको साथ पाइनेछ। प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। चिताएको कार्य नहुन सक्ला।

**तुला** – चिताएको कार्यसमयमा सम्पादन हुनाले मन उत्साहित रहनेछ। आम्दानीका नयाँ स्रोतहरू बढ्नेछन्। स्वास्थ्यको लागि आहारविहारमा ध्यान राख्नुहोला।

**वृश्चिक** – व्यापार व्यवसायमा लाभ रहनेछ । पशुपालन वा कृषिबाट लाभ प्राप्त गर्न सकिनेछ । आयआर्जनका नयाँ स्रोतहरू बढ्नेछन्।

**धनु** – पारिवारिक सद्भाव बढ्नेछ । विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ । माताको स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्।

**मकर** – आत्मविश्वासमा वृद्धि हुनेछ । राजनीतिक क्षेत्रमा जनसमर्थन बढ्नेछ। चिकित्सा वा सामाजिक सञ्जालको क्षेत्रमा सफलता मिल्नेछ।

**कुम्भ** – लगनशीलताले कार्यहरू अगाडि बढ्नेछन्। बोलीको प्रभावले रोकिएको कार्य सम्पादन गर्न सकिनेछ। यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं।

**मीन** – महत्वपूर्ण कार्यको थालनी हुनेछ। व्यापार व्यवसायमा राम्रो लाभ आर्जन गर्न सकिनेछ। युवा वर्गहरूलाई करियरलाई लिएर चिन्ता रहनेछ।

# 'राजनीतिक स्थायित्वका लागि गठबन्धनको सरकार बनेको हो'

**युग संवाददाता**
**सुर्खेत, १८ फागुन ।**

उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले राजनीतिक स्थायित्वका लागि नेपाली कांग्रेस र एमालेबीच गठबन्धन भएको बताएका छन् ।

प्रेस युनियन सुर्खेतद्वारा आइतबार सुर्खेत विमानस्थलमा आयोजित 'पत्रकार भेटघाट' कार्यक्रममा उहाँले मुलुकको विकास र जनताको चाहना अनुसार दुई ठूला दलबीचको गठबन्धनको सरकार बनेको बताए । उनका अनुसार अहिले देखिएका समस्या समाधान गर्दै जनताका चाहना र अपेक्षा पूरा गर्ने उद्देश्यसहित यो सरकार अगाडि बढिरहेको छ ।

उपप्रधानमन्त्री सिंहले भने, "विसं २०७२ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी संविधान जारी गरिसकेपछि स्थानीय, प्रदेश र सङ्घको सबै निर्वाचन सम्पन्न भयो । यद्यपि राजनीतिक स्थायित्व हुन नसक्दा विकासका अपेक्षित काम उल्लेख्य गतिमा हुन सकेनन् । परिणामतः मुलुकका दुई ठूला दलबीचको गठबन्धनको सरकार बन्यो ।"

मन्त्री सिंहले मन्त्रालयगत कार्यसम्पादनको मूल्याङकन भइरहेको भन्दै लक्ष्य अनुसार काम गर्न सरकार निरन्तर अगाडि बढेको जनाए । अध्यादेश बलमिचाईबाट नआएको भन्दै संविधान कार्यान्वयनलाई प्रभावकारी बनाउन ल्याइएको उनले जिकिर गरे । आर्थिक अनुशासन कायम गर्ने उद्देश्यले वर्तमान सरकारले काम गरिरहेको उनको भनाइ छ ।

सिंहले पार्टीको आन्तरिक संरचना मजबुत बनाउन आवश्यक रहेको उल्लेख गर्दै भने, "संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि हामीले राजनीतिक स्थायित्वका लागि विभिन्न चुनौती सामना गरिरहेका छौँ । अहिले सरकारको काम मूल्यांकन गर्ने प्रक्रिया अघि बढिरहेको छ, जसमा मन्त्रालयहरूले कत्तिको प्रभावकारी रूपमा काम गरेका छन् भन्ने अध्ययन भइरहेको छ ।"

उनले हालै सरकारले सार्वजनिक गरेको बजेट अनुसारका विकास योजनाहरूलाई तीव्र गतिमा कार्यान्वयन गरिनुपर्ने बताए । 'काम चमत्कारिक र द्रुत रूपमा सम्पन्न गर्नुपर्छ भन्ने हाम्रो सोच हो । परिस्थिति हेर्दा सेवा प्रवाह सहज बनाउन अध्यादेश ल्याउनु आवश्यक भएको हो,' उनले थपे ।



## सभापति पदको प्रतिस्पर्धा : सिंहको अडान

पार्टीभित्रको सभापति चयनको दौडलाई लिएर अहिले विभिन्न अङ्कलबाजी भइरहेका बेला सिंहले आफू कुनै पनि हालतमा पछाडि नहट्ने संकेत गरेका छन् । 'जुन पदमा म छु, त्योभन्दा तल जान म तयार छैन,' उनले दोहोर्‍याउँदै भने, नेतृत्व परिवर्तन पार्टी विधानअनुसार नै हुन्छ । यसमा कसैले व्यक्तिगत स्वार्थ पूरा गर्ने भन्दा संस्थागत विकासलाई प्राथमिकता दिनुपर्छ ।

उनले आफ्नो राजनीतिक यात्रा विद्यार्थी कालदेखि सुरु भएको र स्थानीय तह हुँदै पार्टी नेतृत्वमा पुग्दासम्मका अनुभवले उनलाई थप जिम्मेवारी सम्हाल्न सक्षम बनाएको दाबी गरे । 'मैले पार्टीलाई संगठनात्मक रूपमा मजबुत बनाउने अठोट गरेको छु' उनले भने ।

नेपाली काँग्रेसको आसन्न महाधिवेशनलाई लिएर आन्तरिक रस्साकस्सी बढ्दो छ । सभापति पदका लागि विभिन्न नेताहरूले दाबी गरिरहेका छन् । देउवा पक्षबाट निरन्तरता दिने संकेत मिलिरहेका बेला अन्य नेताहरू संस्थागत सुधारको नारा दिएर मैदानमा उत्रने तयारीमा छन् ।

सिंहले यसै सन्दर्भमा आफू संस्थागत पार्टी निर्माणका लागि दृढ रहेको बताएका छन् । 'पार्टीभित्र प्रतिस्पर्धा हुनु स्वाभाविक हो, तर प्रतिस्पर्धा विधि र विधानअनुसार हुनुपर्छ । पार्टीलाई बलियो बनाउन महाधिवेशनलाई अवसरका रूपमा लिनुपर्छ, विवादका रूपमा होइन,' उनले जोड दिए ।

सिंहको यस धारणा सँगसँगै नेपाली काँग्रेसभित्र महाधिवेशनको सरगर्मी बढ्दै गएको देखिन्छ । नेतृत्वका लागि विभिन्न नेताहरू आन्तरिक गृहकार्यमा व्यस्त छन्, जसले महाधिवेशनको प्रतिस्पर्धालाई अझ रोचक बनाउने देखिन्छ ।

# हिमपातका कारण अलपत्र यात्रुको उद्धार

**युग संवाददाता**
**रुकुमपूर्व, १८ फागुन ।**

रुकुमपूर्वमा हिमपातका कारण मध्यपहाडी लोकमार्गमा अलपत्र यात्रुको उद्धार गरिएको छ । शुक्रबार रातिदेखि परेको हिमपातका कारण अवरुद्ध मध्यपहाडी लोकमार्गको लुकुम-पातिहाल्ना क्षेत्रमा रुकुमपश्चिमबाट काठमाडौँका लागि छुटेका तीनवटा बससँगै अन्य साना गाडीमा सवार यात्रुको उद्धार गरिएको छ ।



हिमपातका कारण बाटो बन्द भएपछि शुक्रबार दिउँसोबाट बस रुकुमपूर्व र बागलुङ सिमाना पार गर्न नसक्दा यात्रु अलपत्र थिए । रुकुमपश्चिमबाट काठमाडौँका लागि छुटेको बस शुक्रबार दिउँसो पातिहाल्ना नजिक पुगे पनि हिउँका कारण अगाडि बढ्न नसक्दा रातभरि र शनिबार दिनभर बसमै बिताएको रुकुमपश्चिमकी प्रेमिका मल्लले बताए । त्यहाँ नजिकै होटल नभएको र पातिहाल्नामा भएको साना दुई होटलमा बस्न नअटाउने भएपछि ४८ घण्टासम्म खाना नपाएर बिताएको यात्रुहरूले बताएका छन् । शनिबार दिनभरि मध्यपहाडी लोकमार्गमा भएको हिउँ पन्छाएर यात्रुको उद्धार गरिएको रुकुमपूर्वका प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपानेले जानकारी दिए । रुकुमपूर्वको लुकुम-पातिहाल्ना खण्डको लगभग पाँच किलोमिटर र बागलुङ खण्डको दुई किलोमिटरमा रहेको हिउँ पन्छाएर यात्रुको उद्धार गरिएको उनले बताए । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सहयोगमा हिउँ पन्छाइएको थियो ।

हिउँ पन्छाएपछि काठमाडौँका लागि रुकुमबाट छुटेका बस र रुकुमबाट काठमाडौँका लागि छुटेका बसलाई वारपार गराइएको छ । साथै दर्जनौँ बढी साना गाडीलाई पनि वारपार गराइएको रुकुमपूर्वका प्रहरी निरीक्षक हिमबहादुर केसीले जानकारी दिए ।

हिउँमा फसेका यात्रुको उद्धारपश्चात रातिको समयमा उक्त सडक भएर बस नचलाउन भनिएको छ । आइतबार बिहान मध्यपहाडी लोकमार्गको यो खण्डको अवस्था हेरेर मात्र यातायातका साधन सञ्चालन गर्ने वा नगर्ने भनेर जानकारी गराइने प्रमुख जिल्ला अधिकारी न्यौपानेले बताए ।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

**युग संवाददाता**
**काठमाडौँ, १८ फागुन ।**

साताको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ । नेप्से परिसूचक ७५ दशमलव २४ अङ्कले बढेर दुई हजार आठ सय ९० को विन्दुमा कायम भएको छ । जुन दुई दशमलव ६७ प्रतिशतको वृद्धि हो ।

आइतबार विभिन्न तीन सय दुई कम्पनीका दुई करोड ९१ लाख ६६ हजार छ सय ५६ कित्ता शेयर एक लाख ३९ हजार पाँच सय ९६ पटक खरिदबिक्री हुँदा रू १४ अर्ब २५ करोड चार लाख ७५ हजार सात सय ३६ बराबरको कारोबार भएको छ ।

आइतबारको कारोबारमा म्युचुअल फन्ड समूहको उपसूचक एक दशमलव २७ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक हरियाली छाएको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह चार दशमलव ७९, जीवन बीमा समूह चार दशमलव ३१, होटल तथा पर्यटन चार दशमलव २८ र वित्त समूह चार दशमलव २८ प्रतिशतले बढेको छ । बैंकिङ दुई दशमलव ५३, विकास बैंक तीन दशमलव ८८, जलविद्युत् एक दशमलव ९८, लगानी तीन दशमलव ०३, लघुवित्त एक दशमलव ३५, निर्जीवन बीमा तीन दशमलव ४१, व्यापार एक दशमलव ०६ र अन्य समूह एक दशमलव ५१ प्रतिशतले बढेको छ ।

हिमालयन डिस्टिलरी लिमिटेड, गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रू ९७ करोड ५३ लाख ७७ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै घलेम्दी हाइड्रो लिमिटेडको आठ लाख ७३ हजार पाँच सय ७६ कित्ता शेयर किनबेच भएको छ ।

# 'तीनै तहमा विज्ञापन बोर्डको संयन्त्र आवश्यक'

**युग संवाददाता**
**सुर्खेत, १८ फागुन ।**

नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा सुर्खेतको समन्वयमा विज्ञापन बोर्डद्वारा आयोजित 'विज्ञापनको नियमन तथा लोक कल्याणकारी विज्ञापन' विषयक अन्तरक्रिया कार्यक्रम सुर्खेतमा सम्पन्न भएको छ ।

कार्यक्रममा बोर्डका कार्यकारी अध्यक्ष लक्ष्मण हुमागाईंले तीनै तहमा विज्ञापन बोर्डको संयन्त्र हुनुपर्ने र यसका लागि स्थानीय तहसम्म विज्ञापन नियमन तथा अनुगमनको कानुन बनाउनेगरी छलफल भइरहेको पनि जानकारी दिए ।

अध्यक्ष हुमागाईंले भने, "कानुनले बाध्य बनाएका विज्ञापनबाहेक स्थानीय तहले स्थानीय सञ्चारमाध्यमलाई नै विज्ञापन दिने व्यवस्था हामीले गरेका छौँ । २०८१ साल जेठ ३१ गते प्रदेशमा कस्तो कानुन बनाउने भनेर प्रदेश निर्देशिका पठाइसकेको बताए । सोहीअनुसार कानुन बनाउने र त्यसको अनुगमन तथा नियमन गर्ने अधिकार पनि सोही तहलाई दिने व्यवस्था गरिएको छ ।"

सातै प्रदेशका सञ्चार मन्त्रालयका सचिव र कानुन उपसचिवलाई बोलाएर छलफल गर्नुका साथै प्रदेश तथा स्थानीय तहमा कानुन निर्माणका लागि निर्देशिका पठाइसकिएको उनले बताए । उनका अनुसार कानुनमा प्रदेशमा सचिवको संयोजकत्वमा छ सदस्यीय अनुगमन तथा नियमन समिति बनाउने परिकल्पना गरिएको छ । त्यसले प्रदेशभरिको विज्ञापनको अनुगमन तथा नियमन गर्ने छ ।

स्थानीय तहका विज्ञापनमा अझ बढी विकृति र बेथिति रहेको जनाउँदै अध्यक्ष हुमागाईंले भने, "विज्ञापन दिने निकायले एजेन्सीलाई विज्ञापन दिँदा त्यसले मिडियालाई दिन्छ । भुक्तानी गर्दा मिडियालाई १० हजार दिन्छ तर विज्ञापन दिने निकाय र एजेन्सीको बीचमा बाँकी सबै हराउँछ । यस्तो बेथिति रोक्न अहिले नियमावली संशोधनपश्चात मिडियाको बिल राखेर मात्र एजेन्सीलाई १५ प्रतिशत थप शुल्क लगाएर भुक्तानी देउ भनेका छौँ ।"

उनले विज्ञापनको अनुगमन तथा नियमनका लागि बोर्ड स्वयंले देशैभरि गर्न नसक्ने भन्दै प्रदेश तथा स्थानीय तहमा कानुन निर्माणमा पहल गर्न नेपाल पत्रकार महासङ्घ प्रदेश तथा जिल्ला कार्यसमितिलाई अनुरोध गरे । बोर्ड आइसकेपछि नियमावलीको दफा ११ बमोजिम विज्ञापन नियमन गर्ने व्यवस्था गरेको जनाउँदै अध्यक्ष हुमागाईंले सञ्चारमाध्यमको बिलको प्रतिलिपिमा १५ प्रतिशत थप गरेर भुक्तानी मागे दिनुपर्नेबाहेक अरु गर्न नहुने भनिएको बताए ।

कार्यक्रममा पत्रकार महासङ्घका केन्द्रीय कार्यसमिति सदस्य नगेन्द्र उपाध्याय, कर्णाली प्रदेश कार्यसमिति अध्यक्ष विष्णुप्रसाद शर्मा, सुर्खेत जिल्ला अध्यक्ष सुशीलराज शर्माले प्रदेश सरकारका साथै स्थानीय तहमा विज्ञापन अनुगमन तथा नियमनसम्बन्धी कानुन निर्माण गराउन पहल गर्ने बताएका थिए ।

## नेपालगन्जमा...

र विदेशमा रहेका नेपालीभाषी कलाकारहरूलाई विश्वमञ्चमा स्थापित गर्ने उद्देश्यले कार्यक्रम ल्याइएको हो । पहिलो सिजनको सफलता पश्चात दोस्रो संस्करणको तयारी झन् भव्य रूपमा गरिएको छ ।

प्रतिष्ठित कलाकार तथा संगीतकर्मी निर्णायकका रूपमा रहनेछन् । 'मेरो भ्वाइस युनिभर्स' मा बरिष्ठ गायक दीप श्रेष्ठ, संगीतकार सुरेश अधिकारी, गायक शिव परियार, पुष्पन प्रधान तथा गायिका अञ्जु पन्त निर्णायक रहनेछन् भने 'मेरो डान्स युनिभर्स' मा वरिष्ठ कलाकार मिथिला शर्मा, अभिनेता दिलिप रायमाझी, अभिनेत्री शिल्पा मास्के, चर्चित कोरियोग्राफर शंकर विसी, कविराज गहतराज र किरण थापा निर्णायक हुनेछन् ।

दोस्रो संस्करणको अडिसन नेपाल मात्र नभई विश्वभर विभिन्न स्थानमा आयोजना हुने भएको छ । युरोप, एशिया, मध्यपूर्व, अष्ट्रेलिया, भारत लगायत नेपालका चार प्रमुख सहर बिर्तामोड, नेपालगन्ज, पोखरा र काठमाडौंमा अडिसन हुने आयोजकले जनाएको छ । विजेताले १ करोड नगद पुरस्कार प्राप्त गर्नेछन् भने दोस्रो स्थान हाँसिल गर्नेले २५ लाख र तेस्रो हुनेले १० लाख नगद पुरस्कार जित्नेछन् । डान्स विधामा हुने समूह नृत्य प्रतियोगितामा विजेता टिमले २० लाख, उपविजेताले १० लाख र तेस्रो हुनेले ५ लाख नगद पुरस्कार प्राप्त गर्नेछन् ।

नेपालगन्जमा हुन लागेको यो अडिसन पश्चिम नेपालका कलाकार हरूका लागि सुनौलो अवसर बन्नेछ । कार्यक्रम नेपाल टेलिभिजनबाट हरेक शुक्रबार र शनिबार बेलुकी ८ बजे प्रसारण हुनेछ । अडिसनमा सहभागी हुन इच्छुक कलाकार हरूले फाउन्डेसनको आधिकारिक वेबसाइटबाट आवेदन दिन सक्नेछन् । अडिसनबाट छनौंट भएका २ सय ४० प्रतियोगी (१२० डान्सर र १२० सिंगर) ले ग्रान्ड शोमा प्रतिस्पर्धा गर्नेछन् ।

# राप्तीसोनारीमा बसोबास गर्ने खुना समुदायको अस्तित्व संकटमा

**युग संवाददाता**
**बाँके, १८ फागुन ।**

बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिका अन्तर्गत पर्ने भम्का गाउँमा करिब २०० घरधुरी खुना समुदायको बसोबास छ । परम्परागत रूपमा बालुवा चालेर सुन निकाल्ने र माछा मार्ने पेशामा आश्रित यो समुदाय पुस्तौँदेखि यहाँ रहँदै आए पनि उनीहरूले आफ्नै भोगचलनमा रहेको जमिनको कानुनी स्वामित्व पाउन सकेका छैनन् ।

स्थानीय अगुवा नेत्रप्रसाद खुना भन्छिन खुना समुदायले वर्षौंदेखि खेतीपाती तथा नदीजन्य व्यवसाय गर्दै आए पनि उनीहरूको नाममा लालपुर्जा नहुँदा सरकारी सुविधा तथा हक प्राप्त गर्न सकिएको छैन । "हामी पुस्तौँदेखि यहीँ बस्दै आएका छौँ, खेती गर्दै आएका छौँ । तर, लालपुर्जाविहीन भएका कारण सरकारी निकायबाट कुनै सेवा सुविधा पाउन सकिरहेका छैनौँ ।"

भम्का गाउँ र कुसुम बजारबीच राप्ती नदी पर्ने भएकाले यातायातको असुविधा खुना समुदायका लागि अर्को ठूलो चुनौती बनेको छ । अहिले उनीहरू झोलुङ्गे पुल प्रयोग गरेर ओहोरदोहोर गर्छन् । "ठूलो पुल नहुँदा बजार जान निकै कठिन छ । बिरामी हुँदा अस्पताल पुर्‍याउनै समस्या पर्छ" स्थानीय माया खुना भन्छिन । खुना समुदायका मानिसहरु थारु समुदायसँग घुलमिल भएकाले कतिपयले खुना समुदायलाई पनि थारु जाति नै ठान्ने गर्छन्, तर यो समुदायको आफ्नै मौलिक रीतिरिवाज र परम्परा छ ।

नेपालको नयाँ संविधानले अधिकतम सीमान्तकृत र अल्पसंख्यक समुदायहरूलाई सूचीकृत गरी उनीहरूका लागि विशेष सेवा र सुविधा उपलब्ध गराएको छ । तर, खुना समुदाय सूचीकृत अल्पसंख्यक समुदायको सूचीमा नपरेका कारण सरकारी राहत तथा अन्य सुविधाबाट वञ्चित छन् ।

"हामीले पटक-पटक राज्यका निकायमा ध्यानाकर्षण गरायौँ, तर अहिलेसम्म कुनै सुनुवाइ भएको छैन । यदि हामीलाई अल्पसंख्यक सूचीमा राखियो भने मात्र हाम्रो भविष्य सुरक्षित हुनेछ, "स्थानीय युवा भुवन खुना भन्छन । खुना समुदायको मुख्य जीविकोपार्जन नदीसँगै जोडिएको छ । बर्खायाममा राप्ती नदीमा आउने बाढीपछि बालुवा चालेर सुन निकाल्ने र माछा मार्ने परम्परागत पेशामा उनीहरू निर्भर छन् । तर, बाँके राष्ट्रिय निकुञ्ज स्थापना भएपछि यो पेसा संकटमा परेको छ ।

"पहिले हामी खुला रूपमा नदीमा बालुवा चालेर जीविका चलाउँथ्यौं, अहिले निकुञ्जले नदी आफ्नो नियन्त्रणमा लिएपछि हामीलाई यो काम गर्न रोक लगाइएको छ", भुवन खुनाले बताए । अबको विकल्प खोज्न नसकिए यस समुदायको दैनिकी थप कठिन हुने देखिन्छ ।

## बन्दुक...

नरहरिनाथ गाउँपालिका-५ रुप्सा गाउँका रामबहादुर बोहोराबाट २०८१ साल कार्तिकमा २० लाखमा ९० भेडा खरिद गरेको थियो । हाल भेडाको संख्या एक सय १८ पुगेको छन् । ती भेडाको पाँच जनाले पाल्दै आएका छन् ।

विप्लवले नेपालका युवाहरुले खाडीका मरुभूमीमा गएर भेडा पालेर नहुने भन्दै नेपालमै भेडा पाल्न आग्रह गरे । 'आखिर नेपाली युवाहरु राज्यको असक्षमताका कारण विदेश जाने गरेका छन । विदेश गएर पनि विदेशीहरुको भेडा हेर्ने । खेतीपाती गर्ने, पसिना बगाउने गरेका छन,' उनले भने, 'त्यो नेपालमै गरौं, नेपालमै उत्पादनमा लागौं । देश र जनतालाई आत्मनिर्भर बनाउन सकिन्छ ।'

गाउँ-गाउँमा राज्यले निश्पक्ष रोजगारी,अवसर र न्याय दिन नसक्दा नेपाली युवाहरु विदेशीन बाध्य हुनुपरेको टिप्पणी गरे । 'विश्वका विभिन्न देशमा गएर श्रम गर्न सक्छौ भने नेपालमा किन गर्न सक्दैनौ ?,' उनले भने, 'नेकपाले भेडा पालनमा मात्र होईन, कृषि, उद्योग र व्यापारमा हात हालेको छ, पार्टीलाई र जनतालाई आत्मनिर्भर बनाउने अभियानमा छ । अहिले पार्टीले गरेको उत्पादन कहि पनि घाटामा छैन ।'

उनले १७ सय क्वईन्टल धान उत्पादन गरेको र ४० टन आलु उत्पादन गरेको बताए । 'आफ्नै मह उत्पादन छ । कालिकोटको घ्यूँ, जुम्लाको अर्गानिक सीमी सी व्यापार केन्द्रबाट सुलभ मुल्यमा बेचेका छौ,' उनले भने,'देशभर गरेको उत्पादनमा कतै घाटा भएको छैन । पार्टी आत्मनिर्भरतिर जादै गरेको छ ।' विप्लवले कालिकोटमा पालिएका भेडाको नाफा सबै पार्टीले नलिने बताए । 'यसको केही हिस्सा कालिकोटको जनतालाई पार्टीले दिनेछ,' उनले भने,'तपाईहरुले उत्पादन गरेको बस्तु बजारीकरण पनि पार्टीले नै गर्छ ।'

तराईका जिल्लामा धान, तरकारी, पहाडका जिल्लामा सुन्तला र हिमाली जिल्लामा स्याउ र भेडापालन गरिरहेको छ । कृषि क्रान्तिमा थप योगदान दिन भेडापालन पनि सुरु गरेको नेकपाले जनाएको छ । नेपाली युवाहरुलाई खाडीका मरुभूमीमा श्रम बेच्नुभन्दा स्वदेशमै श्रम गरौं, उत्पादन बढाऔं भन्दै कृषि र पशुपालनमा लाग्न आह्वान गरे । 'राजनीति मात्र गरेर हुँदैन, उत्पादनसँग जोड्नुपर्छ,' उनले भने, 'हिमालमा स्याउ, जडीबुटी, ओखर, पहाडमा सुन्तला, तराईमा धान, तरकारी तथा फलफूल उत्पादनमा जोड दिनुपर्छ ।'

# विमानस्थल स्तरोन्नति गर्न बजेट सुनिश्चितता गराइँदै

**युग संवाददाता**
**सुर्खेत, १८ फागुन ।**

कर्णाली प्रदेशका दुई प्रमुख विमानस्थलको स्तरोन्नति तथा विस्तारका लागि सरकार अघि बढेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सुर्खेत, जुम्ला र दाङ टरीगाँउको विमानस्थलका लागि आवश्यक स्रोत सुनिश्चित गर्न अर्थ मन्त्रालयमा प्रक्रिया अघि बढाएको छ ।



पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार विमानस्थल स्तरोन्नतिका लागि कुल १६ अर्ब रुपैयाँ आवश्यक पर्ने देखिएको छ । जसमध्ये जुम्ला विमानस्थलका लागि १ अर्ब, दाङ्ग टरीगाँउ विमानस्थल जग्गा अधिग्रहण कार्यका लागि ५ अर्ब र सुर्खेत विमानस्थल जग्गा अधिग्रहण कार्यका लागि १० अर्ब रुपैयाँको आवश्यकताको प्रस्ताव अर्थ मन्त्रालयमा पठाइएको छ ।

मन्त्रालयले हवाई सेवा सुधार तथा क्षेत्रीय हवाई कनेक्टिभिटी विस्तारलाई प्राथमिकता दिँदै विमानस्थलहरूको स्तरोन्नति गर्न लागेको हो । सुर्खेत विमानस्थललाई क्षेत्रीयस्तरको हवाई केन्द्रका रूपमा विकास गर्ने सरकारको योजना रहेको छ । स्थानीय सरोकारवालाहरूले विमानस्थल स्तरोन्नतिले कर्णाली प्रदेशको समग्र विकासमा ठूलो टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् ।

कर्णालीमा यातायातको सीमित पहुँच रहेको अवस्थामा हवाई सेवा स्तरोन्नतिले पर्यटन, व्यापार, र स्थानीयवासीको आवागमनमा सहजता ल्याउने अपेक्षा गरिएको छ । सरकारको यो निर्णयले कर्णाली प्रदेशको विकास र समृद्धिमा योगदान पुर्‍याउने भन्दै सरोकारवाला निकायहरूले पनि सकारात्मक प्रतिक्रिया दिएका छन् । अब स्रोत सुनिश्चित भएपछि स्तरोन्नतिको काम अघि बढ्ने अपेक्षा गरिएको छ ।

**वीरेन्द्रनगर नगरपालिका**
## नगर कार्यपालिका कार्यालय
**सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना**

**(प्रकाशित मिति २०८१/११/१९ गते**

सुर्खेत वी.न.नपा बस्ने श्री विमला थापाले यस वी.न.न.पा. वडा नं. १२ साविक जर्बुटा ३ क कि.नं. २३६३, क्षेत्रफल ९३.११ वर्ग मी. मा घर निमार्णका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी** : बाटो
**पश्चिम जग्गाधनी** : लक्ष्मि खनाल
**उत्तर जग्गाधनी** : निर्मला घिमिरे
**दक्षिण जग्गाधनी** : देवदर्शन पराजुली

युगआह्वान राष्ट्रिय दैनिक

# प्रधानमन्त्री केपी ओलीले कर्णाली प्रदेश सभामा सम्बोधन गर्ने

**युग संवाददाता**
**सुर्खेत, १८ फागुन ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले कर्णाली प्रदेश सभालाई सम्बोधन गर्ने भएका छन्। फागुन २३ गते बस्ने प्रदेश सभा बैठकमा उनले सम्बोधन गर्ने निश्चित भएको मुख्यमन्त्री यामलाल कँडेलले बताए।

मुख्यमन्त्री कँडेलले आइतबार ओलीलाई यससम्बन्धी पत्र हस्तान्तरण गरिसकेका छन्। काठमाडौँमा प्रधानमन्त्री ओलीलाई भेटेर उनले निम्तापत्र हस्तान्तरण गरेका हुन्।

केही अघि प्रधानमन्त्री ओलीले लुम्बिनी प्रदेशसभा बैठकलाई सम्बोधन गरेका थिए।

# प्रदीप परियार विश्व आर्थिक मञ्चको ग्लोबल फ्युचर काउन्सिल अन लिडरसिपको सदस्य नियुक्त



**युग संवाददाता**
**काठमाडौं, १८ फागुन ।**
दलित लाइभ्स म्याटर ग्लोबल अलायन्सका संस्थापक तथा अध्यक्ष प्रदीप परियार विश्व आर्थिक मञ्चको ग्लोबल फ्युचर काउन्सिल अन लिडरसिपको सदस्य नियुक्त भएका छन्।

परियारको यो नियुक्तिले जात व्यवस्था, जातीय विभेद, बहिष्करण र सीमान्तीकरणविरुद्धको अभियानलाई अन्तर्राष्ट्रियस्तरमा थप सशक्त बनाउन मद्दत पुग्ने विश्वास गरिएको छ। दुईवर्षे कार्यकालका लागि उनी काउन्सिल सदस्यका रूपमा सहभागी हुनेछन्।

विश्व आर्थिक मञ्चको नेटवर्क अफ ग्लोबल फ्युचर काउन्सिल्स ज्ञान उत्पादन गर्ने बहुसरोकारवाला तथा अन्तरविधागत सञ्जाल हो। यसले नवीनतम विषयहरूबारे अन्तरदृष्टि तयार गर्दै विश्वव्यापी चुनौतीहरूमाथि अध्ययन र अन्वेषण गर्दछ।

दलित लाइभ्स म्याटर ग्लोबल अलायन्स सामाजिक न्याय प्रवर्द्धन गर्ने अभियान हो, जसले विश्वभर न्याय, समता, समावेशिता र दिगो विकासका लागि संघर्षरत विचार तथा प्रयाससँग सहकार्य गर्दै विश्वव्यापी प्रतिरोध निर्माण गर्ने लक्ष्य लिएको छ। यसै क्रममा परियारको नियुक्ति अभियानका लागि कोशेढुंगा साबित हुने विश्वास लिइएको छ।

परियारले विगत २० वर्षदेखि युवा, शान्तिनिर्माण र सामाजिक न्यायसम्बन्धी राष्ट्रिय तथा अन्तर ाष्ट्रिय नीति निर्माणमा योगदान पुऱ्याउँदै आएका छन्। उनी सन् २०२० मा विश्व आर्थिक मञ्चकै योङ ग्लोबल लिडर्सबाट सम्मानित भएका थिए।

अनुसुची–१५
(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)

## काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/११/१९**

श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-१०, सुर्खेतको सामुदायिक वन बाट २०८१/०८२ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको ए ग्रेड साल जातको गोलिया काठ ३ थानको ४१.१३ क्यूफिट, बी ग्रेड साल जातको गोलीया काठ १४ थानको १५४.७० क्यूफिट साल जातको कुल १७ थानको १९५.८३ क्यूफिट काठ त्यसैगरी ए ग्रेड असना जातको गोलिया काठ ८ थानको १३३.०९ क्यूफिट, बी ग्रेड असना जातको गोलिया काठ ६ थानको ५३.३८ क्यूफिट, सी ग्रेड असना जातको गोलिया २ थानको १२.९६ क्यूफिट गरी कुल असना जातको गोलिया काठ १६ थानको १८६.४७ क्यूफिट, बी ग्रेड जामुन जातको गोलिया काठ १ थानको ७.२९ क्यूफिट, सी ग्रेड जामुन जातको गोलिया काठ २ थानको ८.७८ क्यूफिट गरी जामुन जातको गोलिया काठ ३ थानको १६.०७ क्यूफिट, धौटी ५ थानको ५२.०७ क्यूफिट गरी विभिन्न जातको काठ गोलिया ४१ थानको कुल ४५०.४४ क्यूफिट काठ र विभिन्न जातको मिश्रित दाउरा ३.५ चट्टा सहित काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आ्‍नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सुचना यस श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-१०, सुर्खेत श्री लेखगाउं सब-डिभिजन वन कार्यालय हुर्के सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.–१०, सुर्खेत ।**

# जाजरकोट भूकम्प प्रभावित जिल्लामा ३ अर्ब ९५ करोड ६५ लाख रकम निकासा

**युग संवाददाता**
**काठमाडौं, १८ फागुन ।**
जाजरकोट भूकम्पबाट प्रभावित जिल्लाहरूमा हालसम्म ३ अर्ब ९५ करोड ६५ लाख रकम निकासा भएको छ।



आइतबार राष्ट्रिय सभामा बोल्दै गृहमन्त्री रमेश लेखकले रुकुम र जाजरकोट जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिबाट सिफारिस भएर आएका भूकम्प प्रभावितका लागि प्रथम र दोस्रो किस्ताको रकम पठाइसकिएको बताएका हुन्।

२०८१ माघ महिनामा मात्रै भूकम्प प्रभावितहरूका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट ८० करोड निकासा भएको उनले जानकारी दिए।

जाजरकोट भूकम्पको विस्तृत क्षति आँकलनको कार्य फागुन महिनाबाट सुरु भैसकेको पनि उनले बताए। फिल्डमा खटिने प्राविधिकहरुको तालिम सम्पन्न भैसकेको बताए।

पश्चिम नेपाल भूकम्पको पुनर्निर्माणका लागि सहयोग पुऱ्याउन बझाङ, अछाम र जाजरकोटमा फिल्ड अफिस खोल्नका लागि अस्थायी दरवन्दी सिर्जना गरी फागुन महिनाभित्रै फिल्ड अफिस खोलिने उनले प्रतिवद्धता जनाए।

२०८० साल कार्तिक १७ गते राती जाजरकोट केन्द्र बिन्दु भएर गएको भुकम्पबाट ठुलो जनधनको क्षती भएको थियो।

२०७९ कार्तिक २३ गते डोटी, २०८० असोज १६ गते बझाङमा पनि भूकम्प गएको थियो। डोटी भूकम्पको लाभग्राहीसँग सम्झौता सुरु भैसकेको गृहमन्त्री लेखकले बताए। उनका अनुसार करिब ५८३ परिवारसँग सम्झौता सम्पन्न भैसकेको छ। सम्झौताको आधारमा रकम निकासाको प्रकृया अगाडी बढेको छ।

यसबीचमा राहत र पुनर्स्थापनाका कार्यहरु भएका भएपनि जुन गतिमा हुनुपर्ने थियो त्यो हुन नसकेको यथार्थ भएको गृहमन्त्री लेखकले बताए।

'म गृह मन्त्रीको रुपमा आईसकेपछि यो प्रक्रियालाई अगाडि बढाउने कार्य प्राथमिकतामा राखी कार्य गरिरहेको छु' उनले भने।

अस्थायी आवास सम्बन्धी कार्यविधिमा परिवार संख्याका हकमा आवासको क्षतीको हकमा परिवार संख्यालाई आधार नलिई विपद्का वखत एउटै आवासमा बसोबास गरिआएका जतिसुकै परिवार संख्या भएपनि ती सबैलाई एउटै परिवार मानी एउटा अस्थायी आवास लाभग्राही कायम गराउने व्यवस्था गरिएको उनले बताए।

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

### वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रु. ८,००,०००/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

# ग्रामीण सडक मर्मत नहुँदा यात्रा गर्न जोखिम

**युग संवाददाता**
**जाजरकोट, १८ फागुन ।**
यहाँका ग्रामीण सडक मर्मत नहुँदा जोखिम मोलेर यात्रा गर्नु परेको छ। जुनीचाँदे, कुसे, बारेकोट गाउँपालिकामा स्थानीय सरकारले खनेका सडक मर्मत नहुँदा जोखिम मोलेर यात्रा गर्नु परेको हो।


स्थानीय सरकारको लापर्बाही र बेवास्ताले सडक मर्मत नभएपछि जनताले सहज रूपमा यात्रा गर्न नपाएका हुन्। बारेकोट गाउँपालिकाको पहिलो कार्यकालमा मुल्सामबाहेक सबै गाउँबस्ती सडक सञ्जालमा जोडिए पनि मर्मत नगरी बेवास्ता गरेपछि सर्वसाधारणले सास्ती पाउने गरेका छन्।

बारेकोट गाउँपालिका-५ का धीरेन्द्र शाहका अनुसार ग्रामीण बस्तीका जनतामा यातायातको पहुँच पु(याउन खनिएका सडक स्थानीय सरकारले मर्मत नगरेपछि यस्तो अवस्था आएको हो। सदरमुकाम खलङ्गादेखि करिब २८ कोस टाढा रहेको बारेकोट गाउँपालिकादेखि सदरमुकाम आउजाउ गर्न स्थानीयवासी दुई दिन पैदल हिँड्ने गरेका थिए। ट्र्याक खोलेका सडक मर्मत नगरी जबर जस्ती सवारीसाधन सञ्चालनमा आएका छन्।

नेपाली कांग्रेसका नेता मुक्तिप्रसाद आचार्यले ग्रामीण बस्ती सडक सञ्जालको पहुँचमा जोडिएपछि स्थानीय उत्पादनलाई बजार लैजान, जटिल तथा सामान्य बिरामी, सुत्केरी, गर्भवती महिलाले समयमा उपचार सेवा पाउन सहज हुने बताए। जनता लाभान्वित हुने कार्यक्रमलाई प्राथमिकता दिन स्थानीय तहलाई उनले आग्रह गरे।

## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.–३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन्।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।